संघीय संसद

राष्ट्रिय सभा

# दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/०८/१४

बैठक संख्या : ८

## निर्णय

१. दिगो विकासका लक्ष्यका सम्बन्धमा विज्ञ विशेषज्ञबाट समितिका सदस्यहरुका लागि अभिमुखीकरण (Orientation) कार्यक्रम संचालन गर्ने सम्बन्धमा समिति सचिवालयबाट समन्वय गरी मिति तोक्ने ।

२. स्थानीय तहमा रहेको न्यायिक समितिलाई प्रभावकारी बनाई समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न के कति काम भएको छ सो विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई समितिमा बोलाई जानकारी लिने ।

३. देशको सुशासनको अवस्था दिन प्रतिदिन कमजोर हुँदै गएको, बालक अपहरण, हत्या हिंसा बढ्दै गएको र निर्मला हत्याका दोषी पत्ता लगाउन नेपाल प्रहरीले के गरेको छ सो विषयमा नेपाल प्रहरीका प्रहरी महानिरिक्षकसँग समेत समितिको आगामी बैठकमा छलफल गर्ने गरी समिति सचिवालयबाट आवश्यक समन्वय गर्ने ।

४. यस समितिका सभापति मा. तारादेवी भट्टको सुपुत्र श्री चेतराज भट्टको ४३ वर्षको उमेरमा, समितिका सदस्य मा. सरिता प्रसाईका पूजनीय पिता श्री विरेन्द्र प्रसाईको ७९ वर्षको उमेरमा र सदस्य मा. चक्रप्रसाद स्नेहीका सासुआमा ६८ वर्षकी श्री अमृता देवी सुनारको असामयिक दु:खद निधन भएकोमा गहिरो दु:ख व्यक्त गर्दै उहाँहरुमा परेको यस शोकमा हार्दिक समवेदना व्यक्त गरियो ।

दिगो विकास तथा सुशासन समिति

दिगो विकास तथा सुशासन समिति